MEETING POST LEGALIZATION CHALLENGES

**Reproductive Health Research POLICY BRIEF**
**Number 7, March 2004**

सुमार्ग SUMARGA

# महिलालाई प्रजनन् अधिकार दिएको कुराप्रति जनसमुदायको सकारात्मक धारणा

# Public has Positive View on Women's Right to Choose

अनिच्छित गर्भलाई निरन्तरता दिने वा नदिने भन्ने कुराको निर्णय आफैले गर्न पाउनु हरेक महिलाको नैसर्गिक अधिकार हो। यो कुरालाई विश्वका अनेकौं मुलुकहरुले धेरै पहिले देखि नै स्वीकारी सके तापनि नेपालमा मुलुकी ऐन एघारौं संशोधन पछि मात्र त्यस्तो प्रजनन् अधिकार महिलाहरुले पाएका छन्। मुलुकी ऐन २०२० ले गर्भपतनलाई अपराधको रुपमा हेर्दै ज्यानसम्बन्धी महल भित्र राखेर कठोर दण्ड सजायँको व्यवस्था गरेको थियो। त्यसैले अनिच्छित गर्भ बोक्ने महिलाहरुले कि त सो गर्भलाई जन्म दिएर अनेक मानसिक पीडा भोग्नु पर्थ्यो, कि त लुकीछिपी गर्भपतन गराउनु पर्ने र सो बापत दण्ड सजायँको रुपमा जेल जीवन भोग्नु पर्थ्यो। यसरी लुकीछिपी गरिने गर्भपतन अक्सर असुरक्षित हुने गर्दथ्यो।

असुरक्षित गर्भपतनबाट हुने जोखिमले प्रत्यक्ष रुपमा उक्त महिला र अप्रत्यक्ष रुपमा समाज र राष्ट्रलाई समेत असर पार्दछ। असुरक्षित गर्भपतनको कारण महिलाको स्वास्थ्यमा दीर्घकालिन असर पुग्ने तथा मृत्यु समेत हुन सक्ने हुनाले हाम्रो देशमा गर्भपतनलाई वैधानिकता दिई प्रजनन् स्वास्थ्यलाई महिलाको मानव अधिकारको रुपमा स्वीकारिएको कुरालाई सकारात्मक पक्षको रुपमा लिनु पर्दछ।

गर्भपतनसम्बन्धी कानुनले महिलालाई प्रजनन् अधिकार दिएको छ। तर कानुन कार्यान्वयन र सुरक्षित गर्भपतन सेवा व्यवस्थापनका लागि केही चुनौतीहरु छन्। जस्तैः गर्भपतनसम्बन्धी कानुनका बारेमा सबैलाई जानकारी नहुनु, सबै जिल्लामा सरकारी स्वास्थ्य संस्था मार्फत सुरक्षित गर्भपतन सेवा विस्तार नहुनु, दक्ष चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको अभाव हुनु, अदक्ष व्यक्तिले अझै पनि लुकीछिपी रुपमा असुरक्षित गर्भपतन गर्ने काम जारी राख्ने सम्भावना रहनु, गर्भपतन गर्न चाहने महिलाहरुप्रति समाजको नकारात्मक धारणा हुनु आदि। यस्ता चुनौतीहरु समाधान गर्नका निमित्त सबै क्षेत्रबाट पहल हुनु पर्दछ।

**कृपा**ले विगत ९ वर्षदेखि गर्भपतनसम्बन्धी विभिन्न विषयहरुमा अध्ययन अनुसन्धान गर्दै आईरहेको छ। यिनै अध्ययन अनुसन्धानलाई आधार मानेर सन् १९९९ देखि देशका विभिन्न जिल्लाहरुमा असुरक्षित गर्भपतन रोकथामसम्बन्धी जनशिक्षा तथा सचेतता कार्यक्रम सञ्चालन गर्दै आईरहेको छ। त्यस्तै गरी, गर्भपतनले कानुनी मान्यता पाए पश्चात पनि जिल्ला तथा गा.वि.स. स्तरमा विभिन्न सचेतता गोष्ठीहरुको आयोजना गरिसकेको छ।



(गर्भपतनसम्बन्धी कानुन, चुनौती र समाधान विषयक जिल्लास्तरीय अन्तरक्रिया गोष्ठी, जनवरी २००४, विरगंज, पर्सा)

कानुनी मान्यताको पक्षमा रहेको सकारात्मक जनमत (कृपा १९९६) ले गर्भपतनसम्बन्धी कानुनलाई निकै उदार हुने गरी संशोधन गर्न महत्वपूर्ण भूमिका खेलेको थियो। अब पनि यस अधिकारको व्यवहारमा उपयोग गर्न सक्ने वातावरणका लागि परिवर्तित कानुनबारे जनसमुदायमा पर्याप्त जानकारी हुनाका साथै सकारात्मक दृष्टिकोण हुनु आवश्यक हुन्छ। यी कुराहरुलाई ध्यानमा राखेर कृपाले गर्भपतनले कानुनी मान्यता प्राप्त गर्नासाथ (सन् २००२ मा) गर्भपतन सम्बन्धी कानुनको बारेमा मानिसहरुको धारणा बुझ्नको निमित्त एउटा जनमत सर्वेक्षण गरेको थियो। उक्त सर्वेक्षणमा प्रायः सबैजसो (८६%) ले गर्भपतनलाई कानुनी मान्यता दिनु आवश्यक थियो भन्ने धारणा व्यक्त गरेका थिए। सन् २००३ को मत सर्वेक्षणमा पनि (८८% ले) कानूनलाई समर्थन गर्ने क्रम जारी नै रह्यो।


वर्तमान कानूनी व्यवस्थामा गर्भपतनसम्बन्धी निर्णय गर्ने अधिकार महिलालाई दिईएको विषयमा प्रशस्त छलफल हुन सक्दछ। पितृसत्तात्मक समाजमा यस सम्बन्धमा नकारात्मक धारणा पनि हुन सक्दछ। तसर्थ यसबारे जानकारी लिन सन् २००३ को गर्भपतनसम्बन्धी मत

कृपा CREHPA

**Center for Research on Environment Health and Population Activities (CREHPA)**
Ekantakuna, Jawalakhel, P.O. Box: 9626, Kathmandu, Nepal, Phone: 5530344, Fax: 5530341
Email: crehpa@crehpa.wlink.com.np, Website: www.crehpa.org.np

सर्वेक्षणमा एउटा प्रश्न सोधिएको थियो, "नयाँ कानुनी व्यवस्था अनुसार महिलाको मन्जुरीमा मात्र गर्भपतन गर्न पाईन्छ, यो व्यवस्था तपाईलाई ठिक, बेठिक कस्तो लाग्छ ?" यस प्रश्नको उत्तरमा **बहुसंख्यक (७४%) को धारणा सकारात्मक** भएको पाईयो । यस सम्बन्धमा पुरुषहरु (६३%) भन्दा महिलाहरु (८६%) को बढी समर्थन देखिन्छ (चार्ट १) ।


**चार्ट १: नयाँ कानुन अनुसार महिलाको मञ्जुरी भएमा मात्र गर्भपतन गर्न पाईन्छ, यो व्यवस्था तपाइलाई ठिक, बेठिक कस्तो लाग्छ ?**




## सुरक्षित गर्भपतनका लागि सरकारी अस्पतालहरुलाई नै प्राथमिक श्रोतको रुपमा विकास गरिनुपर्छ

गर्भपतनसम्बन्धी सेवा आफुलाई चित्त बुझ्दो स्थानबाट पाउनु जनसमुदायको अधिकार हो । यसबारे जनसमुदायको दृष्टिकोण कस्तो छ भनि हेर्नका निम्ति जनमत सर्वेक्षणमा एउटा प्रश्न सोधिएको थियो, "यदि महिलालाई कानुनी रुपमा सुरक्षित र सुलभ गर्भपतन सेवा लिनु परेमा उक्त सेवा कहाँबाट प्राप्त भएमा राम्रो हुन्छ होला?" उक्त प्रश्नको उत्तरमा प्रायः सबैजसो (८२%) ले सरकारी अस्पतालबाटै गर्भपतन सेवा उपलब्ध भए सबै वर्गका जनसमुदायका लागि उपयुक्त हुने धारणा राखेका छन् । छनौटको अवसर प्राप्त होलाकी भनेर केहि उत्तरदाताहरुले नर्सिङ्गहोम (१२%) र प्राइभेट क्लिनिक (१६%) बाट पनि सेवा उपलब्ध हुनुपर्ने धारणा राखेका छन् ।


**चार्ट २: यदि महिलालाई कानुनी रुपमा सुरक्षित र सुलभ सेवा लिनु परेमा उक्त सेवा कहाँबाट प्राप्त भएमा राम्रो हुन्छ होला ?**




## बहुसंख्यक जनसमुदायको दृष्टिकोणमा सुरक्षित गर्भपतन सेवा कम शुल्कमा उपलब्ध हुनुपर्ने

गर्भपतन सेवाका लागि शुल्क लिन उपयुक्त हुने वा नहुने भन्ने बारेमा जनसमुदायको फरक फरक मत रहे तापनि ६१% ले केही मात्रामा शुल्क लिन सकिने धारणा व्यक्त गरेका छन् भने ३९% ले गर्भपतन सेवा नि:शुल्क हुनुपर्छ भनेका छन् । कति सम्म शुल्क उपयुक्त हुन्छ भन्ने सवालमा आधाजसोलाई रु. ५०० भन्दा कम र आधाजसोलाई रु. ५०० भन्दा बढी शुल्क उपयुक्त लागेको छ (चार्ट ३) ।

**चार्ट ३: सुरक्षित गर्भपतन सेवाको लागि बढीमा कति सम्मको शुल्क उपयुक्त हुन्छ होला ?**




## छलफल र निष्कर्ष

**सुरक्षित गर्भपतन सेवा प्रक्रिया-२०६०** भर्खरै मात्र पारित भएको छ । तर सुरक्षित गर्भपतन सेवा जिल्लास्तरसम्म विस्तार हुन सकिरहेको छैन । यस अवस्थामा असुरक्षित गर्भपतनले निरन्तरता पाईरहेको छ । सो तथ्यलाई विभिन्न ठाउँमा भएका मृत्युका विवरणहरुले पनि थप पुष्टी गरेका छन् । तसर्थ, महिलाहरुलाई आफ्नो प्रजनन् अधिकार दिलाउन, असुरक्षित गर्भपतन गर्न बाध्य नपार्न र अकाल मृत्यु र अस्वस्थताबाट बचाउन सुरक्षित गर्भपतन सेवा सकेसम्म छिटो शुरु हुन नितान्त आवश्यक देखिन्छ ।

जनमतको आधारमा, स्रोत साधनको उपलब्धता र व्यवस्थापनको व्यवहारिक पक्षलाई समेत हेर्दा सरकारी अस्पताललाई नै गर्भपतन सेवाका लागि प्रमुख स्थानको रुपमा विकास गर्नु वाञ्छनीय देखिन्छ । शुल्क निर्धारण गर्दा सर्वसाधारणले तिर्नसक्ने क्षमतालाई पनि ध्यान दिनु पर्दछ । तसर्थ, शुल्क र सेवा प्रदान गरिने स्थानहरुका बारेमा निर्णय गर्दा प्रशस्त छलफल र अध्ययन गर्न आवश्यक देखिन्छ । गर्भपतनसम्बन्धी अधिकार महिलाको विशेष अधिकार हो भन्ने कुराबारे व्यापक सकारात्मक सोच विकास गर्न पुरुषहरुलाई बढी लक्षित गरिएका कार्यक्रमहरु पनि सञ्चालन गर्नुपर्छ ।

### *References*

1. United Nations, 2002,Abortion Policy Vol. I,II,& III.
2. CREHPA, 1996, Opinion Poll Survey-1996
3. CREHPA, 2002, Opinion Poll Survey-2002
4. CREHPA, 2003, Opinion Poll Survey-2003
5. CREHPA, Oct. 2002, Reproductive Health Policy Brief
६. मुलुकी ऐन, २०२०.
७. मुलुकी ऐन एघारौं संशोधन, २०६०




(गर्भपतन अधिकारसम्बन्धी जनमत सर्वेक्षण-२००३, पत्रकार सम्मेलन)